हेटौंडा उपमहानगरपालिका
११ नं. वडा कार्यालय
नवलपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि

# अन्तिम प्रतिवेदन

मितिः २०८१/०५/३१

<u>प्रतिवेदन पेश गर्नेः</u>
हेटौंडा उपमहानगरपालिका,
११ न. वडा कार्यालय,
हेटौंडा, मकवानपुर

<u>प्रतिवेदन पेश हुने निकायः</u>
हेटौंडा उपमहानगरपालिकाको कार्यालय मार्फत
जिल्ला समन्वय समितिको कार्यालय,
हेटौंडा, मकवानपुर

# प्रतिवेदनमा समावेश गरिएका विषय वस्तुका सूची:


१. वडाको संक्षिप्त परिचय

२. बालमैत्री स्थानीय शायनयुक्त वडाको रूपमा घोषणा गर्न तथा यसको दिगोपनाका लागि भएका अवसर तथा चुनौतीहरू

३. बाल बचाऊका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

४. बाल बचाऊका सूचकहरूको विद्यमान अवस्था

५. बाल संरक्षणका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

६. बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्था

७. बाल विकासका सूचक हासिल गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरू

८. बाल विकासका सूचकहरूको विद्यमान अवस्था

९. बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू

१०. स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको स्थिति

११. बाल समूहको नामावली

१२. वडास्तरीय बाल सञ्जालका पदाधिकारीको नामावली

१३. बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली

१४. बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था

१५. संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरु

१६. संस्थागत सूचकहरूको विद्यमान अवस्था

१७. बालमैत्री स्थानीय शासनका तहगत खुड्कीला सम्बन्धी विवरण

१८. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था

## १) वडाको संक्षिप्त परिचयः

यस हेटौंडा उपमहानगरपालिकाको वडा नं. ११ को कुल क्षेत्रफल ९.६६ वर्ग किलोमिटर रहेको छ। यस वडा को पुर्वमा वडा नं. १०, पश्चिममा वडा नं. ३, उत्तरमा वडा नं. १ र दक्षिणमा राप्ति खोला (वडा नं. १२), रहेको छ। यस वडाको केहि क्षेत्र शहरी रहेका छन् भने अधिकांस भागहरु ग्रामिण छन। यस वडा भित्र प्रदेशकै व्यवस्थित पर्यटकिय क्षेत्र शहिद स्मारक पार्क, धार्मिकस्थल पुण्य क्षेत्र रहेका छन् ।यस वडाको करिब मध्ये भागमा महेन्द्र राजमार्ग अबस्थित छ ।

घर धुरी सर्वेक्षण २०७९ अनुसार यस वडाको कुल जनसंख्या ११,१०५ रहेको छ जसमध्ये ५,४५१ महिला, ५,६५४ पुरुष रहेका छन् ।यस वडामा कुल बालबालिका ३,४१७ छन् जसमा बालक १,७९८ र बालिका १,६१९ रहेका छन् ।

यस वडाको २० प्रतिशत मानिसहरुको मूख्य पेशा नोकरी रहेको छ । २१% मानिसहरु व्यापार व्यवसाय संलग्न रहेका छन ।कृषि पशुपालन पेशामा १०% रहेका छन् ।ज्याला मजदुरीमा ३४% बैदेशिक रोजगारीमा १२ प्रतिशत र अन्यमा ३ प्रतिशत रहेका छन्।

यस हेटौंडा उपमहानगरपालिका, वडा नं. ११ ले २०८० चैत्र २३ गते पूर्ण खोप, २०७३ भाद्र ३० गते पूर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसा मुक्त वडा घोषणा गरिसकेकोले नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक विभिन्न सूचकहरु पार गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियानमा रहेको छ। हेटौंडा ११ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागी हेटौंडा उपमहानगरपालिका, विभिन्न संघ संस्था, विभिन्न सरोकारवालाहरुको प्रयास र सहयोगबाट यस वडालाई यहि २०८१ साल असोज मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी बालअधिकारको सुनिश्चितता तथा घोषणा पश्चात निरन्तर दिगोपना यस वडाको हालको प्रमुख उदेश्य रहेको छ ।

## २) बालमैत्री स्थानीय शासनयुक्त वडाको रूपमा घोषणा तथा दिगोपनाको लागि भएका अवसर तथा चुनौतीहरू :

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेही बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा घोषणा कार्यविधि, २०७९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तयार हुनु आफैमा एउटा अवसरको रुपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो।

यस वडाले २०७९ मंसिर २१ देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरी तोकिएको सूचक प्राप्तिका विभिन्न चरणमा कार्य गरिरहेकोमा बालमैत्री स्थानीय घोषणाका लागि आवश्यक गतिविधि पूरा गरिसकेको अवस्था छ।

## बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका सम्भावना र अबसरहरु :

१. पूर्णखोप, खुल्ला दिसा मुक्त, पूर्ण साक्षर घोषणा भएको,

२. यस वडामा ३ वटा सामुदायिक र ३ वटा संस्थागत गरि जम्मा ६ वटा विद्यालय रहेको,

३. मिश्रित समुदायको वाहुल्यता,

४. विकास निर्माणको कार्यमा समुदायको सक्रिय सहभागिता, (टोल विकास संस्था, महिला जागरण समूह, आमा समूह, बाल सञ्जाल, बाल समूह गठन भई बिकास निर्माण तथा सामाजिक कार्यमा सक्रिय सहभागिता रहेको)

५. जनसंख्याको आधारमा समतामूलक विकासको विस्तार, (आर्थिक, सामाजिक, सास्कृतिक तथा वातावरणीय पक्षवाट सामाजका सबै वर्गलाई समेट्ने प्रयास गरी  सामाजिक न्यायको सिद्धान्त लाई आत्मासात गर्दै समतामूलक समाजको निर्माण तर्फ समाज अघि बढेको)

६. स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बालमैत्री स्थानीय शासन अवलम्वन, घोषणा तथा दिगोपनाको लागि वडालाई जिम्मेवार बनाईनु ,

७. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ ले बालमैत्री स्थानीय शासनयुक्त वडा तथा स्थानीयतह घोषणाका लागि स्पष्ट मार्गदर्शन प्रदान गर्नु,

८. बालमैत्री स्थानीय शासन सञ्चालनका लागि वडा समिति, राजनीतिक दल, वडा बाल अधिकार समिति, बालसमूह तथा बालसंजाल  लगायत सरोकारवाला निकायहरुको सक्रिय सहभागिता रहेको,

९. स्वास्थ्य तथा शैक्षिक संस्था लगायतका विषयगत निकाय, संघसंस्था, संगठन, सामाजिक समूह तथा नागरिक समाजहरुसंग राम्रो समन्वय रहनु,

१०. बालमैत्री स्थानीय शासन प्रति समुदायको चासो, साथ, सहयोग र कार्यक्रममा सक्रिय सहभागिता जनाउनु,

११. बालमैत्री स्थानीय शासनका ५१ सूचक मध्ये ४४ वटा सूचकमा १०० प्रतिशत नतिजा प्राप्त भएको, १ वटा सूचकमा ९९ प्रतिशत, १ सूचकमा ९८ प्रतिशत, १ सूचकमा ९७ प्रतिशत, १ वटा सूचकमा ९५, १ वटा सूचकमा ९० प्रतिशत, १ वटा सूचकमा ८१ प्रतिशत र १ वटा सूचकमा ८० प्रतिशत नतिजा प्राप्तिको  अवस्था रहनु ,

१२. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला तथा बालबालिका, सामाजिक विकास, पञ्जिकरण लगायत सरोकारवालाहरुलाई जिम्मेवार बनाइ सूचक प्राप्तिमा निरन्तरता दिइनु,

१३. बालमैत्री सहजकर्ता परिचालन।

१४. समुदायमा १९ र विद्यालयमा ६ गरी २५ वटा बालसमूह तथा १ वटा वडास्तरीय बाल समूह संजाल गठन भई क्रियाशिल रहनु।

१५. स्थानीय वडाबासीद्धारा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा प्रक्रियामा साथ सहयोग र पूर्ण प्रतिबद्धता जनाउनु,

१६. प्रतिबद्ध, लगनशील र उर्जावान जनप्रतिनिधी तथा कर्तव्यनिष्ठ कर्मचारी,

## बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका चुनौतीहरुः

१. उपलब्ध स्रोत साधनको तुलनामा समुदायको पूर्वाधार विकासका माग सम्बोधन गर्नु,
२. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा तोकिएका सूचक बमोजिमको नतिजालाई प्रभावकारी रुपमा टिकाइराख्नु,
३. बालमैत्री स्थानीय शासनलाई सफल बनाउन सरोकारवाला निकाय, संघसंस्था, समिति तथा परिवारलाई संवेदनशील हुन अभिप्रेरित गरि निरन्तर विशेष जिम्मेवारी वोध गराई दिगोपना कायम गर्नु,
४. बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण, सहभागिता जस्ता चौतर्फी विकासका आधारभूत पक्षको उच्चतम प्रवर्धन गर्नु,
५. सबै धर्म, वर्ग, जातजाति, क्षेत्रका समुदायलाई बालमैत्री आचारसंहिताको सफल व्यावहारिक कार्यान्वयनमा सक्रिय सहभागि गराउनु,
६. स्वइच्छाले श्रम गर्न जाने बालबालिकाको नियमन र नियन्त्रण गर्नु,
७. शैक्षिक संस्था वरपर र सार्वजनिक स्थान वरपर सुर्तिजन्य पदार्थ र मद्यपान बिक्रि वितरणमा कडाईका साथ प्रतिबन्ध लगाउनु।

## ३. बाल बचाउका सूचक पूरा गर्ने क्रममा यस वडाले गरेका महत्त्वपूर्ण कार्यहरूः

११ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम सेवाप्रवाह र संस्थागत सूचकहरु प्राप्तिको लागि गरिएका महत्वपूर्ण कार्यहरुः

**क) बाल बचाऊका सम्बन्धमा वडामा सञ्चालन भएका कार्यहरुः**

१) पूर्ण स्तनपान, स्वास्थ्य शिक्षा, पोषिलो खाना स्थानीय स्तरमा व्यवस्थापन, आइरन चक्की प्रयोग, सरसफाई सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन, हात धुने बिधि कार्यक्रम, घरदैलो अभियान,
२) पूर्णखोप वडा घोषणा र यस्को निरन्तरता रहेको,
३) एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम नियमित भएको र संक्रमित नरहेको,
४) खुल्ला दिसा मुक्त वडा घोषणा र निरन्तरता,
५) उपमहानगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत शहरी स्वास्थ्य केन्द्रको समन्वयमा जनप्रतिनिधिद्वारा पोषण कोसेली वितरण कार्यक्रम सञ्चालनमा रहेको र नियमित शिशुको तौल जाँच गर्ने गरिएको,
६) हजार दिनका आमा र आमा समूहहरुलाई पूर्ण स्तनपान, सुरक्षित मातृत्व, पोषण, सरसफाई लगायतका विषयमा निरन्तर सचेतना र परामर्श,
७) राष्ट्रिय कार्यक्रम अन्तर्गत ५ वर्ष मूनिका बालबालिकालाई भिटामिन "ए" तथा जुकाको औषधी खुवाउनुको साथै नियमित शारीरिक तथा मानसिक बृद्धि बिकास अनुगमन गर्ने गरिएको,
८) चर्पी गएपछि, खाना खानु अगाडि र बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुनुपर्ने विषयमा सचेतना कार्यक्रम सञ्चालन,
९) खानेपानी संस्थानद्वारा प्रत्येक घरधूरी मा खानेपानी धारा वितरण र नियमित खानेपानी परिक्षण भएको (आधारभूत तहको खानेपानी सुविधा सबै परिवारमा उपलव्ध),
१०) विद्यालय, तथा समुदाय स्तरमा साबुन पानीले हात धुने परिपाटी स्थापित,

११) विद्यालयमा किशोरकिशोरी केन्द्रित प्रजनन् स्वास्थ्य, एच.आइ.भि.सम्बन्धी सचेतना कार्यक्रम,

१२) महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका र आमा समूहको वैठकमा बाल बचाऊका सूचक वारे छलफल,

१३) आयोडिनयुक्त नुनको प्रयोग बारे सचेतना जागरुक गराई हरेक घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेको सुनिश्चितता,

१४) स्वास्थ्य संस्थाको मासिक तथा वार्षिक प्रतिवेदन संकलन तथा अध्ययन,

१५) कोरोना न्यूनिकरणका लागि बिभिन्न समयमा कोरोना रोकथाम सम्वन्धी बिभिन्न कार्यक्रम तथा खोप सञ्चालन गरेको,

१६) समय समयमा स्वास्थ्य शिविर सञ्चालन,

१७) स्वास्थ्य संस्थाद्वारा बालसमूहलाई मास्क तथा पञ्जा वितरण,

१८) सामुदायिक तथा संस्थागत विद्यालयमा प्याड वितरण,

१९) वडा संगै रहेको स्वास्थ्य संस्थामा स्तनपान कक्षको स्थापना भएको,

२०) डेङ्गु विरुद्ध समुदाय र विद्यालयमा सचेतना र सरसफाई कार्यक्रम संगै डेङ्गु लगायतका अन्य रोगव्याधी विरुद्ध औषधी र निशुल्क डेङ्गु परिक्षण ।

## ४. बाल बचाऊका सूचकहरूको विद्यमान अवस्थाः

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल बचाऊ सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवस्था (२०८१/०५/३० सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने | | ९९ % | ९५% | १९० जना गर्भवती मध्ये समय पुगेका सबै जना जाँच गराएका छन्।१९० जना सुत्केरी आमा सहित सबै शिशुले जाँच गराएका छन्। |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | | १००% | ९५% | १९० जना सुत्केरी सबैले र हालका २३२ जना गर्भवती मध्ये समय पुगेका सबै जनाले टिडी विरुद्धको खोप लगाएका छन्। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन् । | | १००% | ९५% | १९० जना सुत्केरी सबैले २२५ वटा आइरन चक्की खाएका छन् र हालका गर्भवतीले नियमित खादैछन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन्। | | ९८.४२ % | ८०% | १९० जना गर्भवती मध्ये १८७ जना स्वास्थ्य संस्थामा सुत्केरी भएका छन् भने ३ जना स्वास्थ्यकर्मीको सहयोग विना घरमा सुत्करी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन्। | | ९७% | ८०% | १९० जना शिशु मध्ये १८४ जना शिशुले पूर्ण स्तनपान पाएका छन्।भने ६ जनाले पाएका छैनन्। |
| ६ | छ महिना देखि पाँच वर्ष मूनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | | १००% | १००% | ६ महिना देखि ५ वर्ष मूनिका ११८३ जना सबै बालबालिका ले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | | १००% | १००% | १५ देखी २३ महिना भित्रका सबै १६९ जना बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ। |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ३२४७ घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | | १००% | १००% | यस वडामा अति कडा कुपोषण भएका बालबालिका नभएको। |
| १२ | सबै घरधूरी मा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | १००% | १००% | यस वडाका सबै २३४७ घरधूरीमा खानेपानीको सुबिधा रहेको छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | १००% | १००% | सबै २३४७ घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुला दिसा मुक्त घोषणा भइसकेको छ। |

## ५. बालसंरक्षणका सूचक हाँसिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:

१. टोल विकास संस्थाहरुमा पत्राचार गरि जन्मदर्ता अभियान सञ्चालन गरिएको, खोपको बेला र विद्यालय भर्नाको बेला जन्मदर्ता अनिवार्य गरिएको छ,
२. टोल टोलमा, विद्यालयमा बालविवाह न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रमहरु सञ्चालन भएका छन,
३. बालमैत्री आचारसंहिता एवं बालसंरक्षणका कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ,
४. वडा बालअधिकार समितिद्धारा विशेष गरी बालसंरक्षणको क्षेत्रमा सक्रियताका साथ कार्य भइरहेको छ,
५. बिभिन्न पर्चा, पम्प्लेट, पत्राचार, सूचना वोर्डहरु राखिएको छ ,
६. सुरक्षा निकायको समन्वयमा सचेतना कार्यक्रम सञ्चालन भएको छ,
७. बालश्रम, बाल बिबाह, बाल कुलत विरुद्धको कानूनी व्यवस्था साथै बालअधिकार सम्वन्धी माईकिंङ कार्यक्रम गरिएको छ,
८. टोल तथा विद्यालय बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखिकरण कार्यक्रम सञ्चालन भएको छ,
९. विभिन्न पसल, ग्यारेज, होटलमा बालश्रम, सूर्तिजन्य, मदिराजन्य पदार्थको बिक्रि वितरण नगराउने प्रतिबद्धता सहित फ्लेक्समा हस्ताक्षर गराई टाँस गरिएको छ,
१०. समुदाय र विद्यालयमा बालविवाह, बालश्रम, बालकुलत वारेमा अभिमूखीकरण गरिएको,
११. बालश्रममा भेटिएका बालबालिकालाई बालअधिकार समितिद्धारा उद्धार, मनोसामाजिक परामर्श गरि बालबालिकालाई पारिवारिक पुनर्स्थापना र नियमित पठनपाठनमा जोड दिईएको छ,
१२. सबै विद्यालयमा लागुपदार्थ दुर्व्यसनी, साइबर अपराध सम्बन्धी अभिमूखीकरण सम्पन्न,
१३. सबै विद्यालयद्वारा बालबालिकालाई शारिरिक, मानसिक यातना नदिने प्रतिबद्धता गरिएको,
१४. बालविवाह, बालश्रम लगायत बालबालिका विरुद्ध हुने अन्य हिंसा सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन,
१५. बालसंरक्षण सम्बन्धी पर्चा, पम्प्लेट वितरण गरिएको,
१६. कुलतमा लागेका बालबालिकाका लागि नगरले गरेको सम्झौता अनुसार बालकको हकमा मामाघर नेपाल र बालिकाको हकमा माईती नेपालमा मनोपरामर्श र आवश्यक उपचार सहितको अल्पकालिन आवासिय व्यवस्थापन गरिएको,
१७. वडा कार्यालय, प्रहरी कार्यालय र विद्यालयमा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको।

## ६. बाल संरक्षणका सूचकहरूको विद्यमान अवस्थाः

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल संरक्षण सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था (८०/०७९) | हालको अवस्था (२०८०/०५/३१) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष मूनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | १००% | १००% | कानूनी अड्चन भएका बाहेक वडाको घटना दर्ता अभिलेख अनुसार सबै बालबालिकाको जन्मदर्ता भएको। |
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको । यस वडाको १४ वर्ष मूनिका २६५० जना बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | | १००% | १००% | वडा बाल अधिकार समिति, टोल विकास र बालसमूहबाट सचेतनामुलक कार्यक्रम साथै नियमित अनुगमन गरीएको र हाल सम्म २० वर्ष मूनि उमेर भएकाले विवाह नगरेको । |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | | १००% | ८०% | वडा बालअधिकार समिति, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल रहेको, सचेतनामुलक अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ। | | १००% | १००% | वडा बालअधिकार समितिको वैठक नियमित, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल, वडामा बालमैत्री सम्पर्क शाखा स्थापना, वडा, विद्यालय र प्रहरी चौकीमा बालमैत्री सम्पर्क कक्ष स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति तोकेको र गुनासो पेटिका राखि सुनुवाईको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | व्यवस्था मिलाईएको, बालमैत्री वडा सहजकर्ता परिचालन। |
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | १००% | ९५% | यस वडामा यस्ता कुप्रथा नरहेकोले यो सूचक पूर्ण भएको पाईयो । |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएका) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् । | | १००% | १००% | यस वडामा १४ वर्ष मूनिका असहाय बालबालिका नभएको र भएमा नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गर्ने व्यवस्था रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ ।सडक ) (भएकोमा) बालबालिकालाई बालगृहमा राखी व्वस्थापन भएको हुने | | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |
| ९ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन । |
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्रे व्यवस्था मिलाएको हुनेछन् । | | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरि पठाउने व्यवस्था मिलाईएको। |

## ७. बाल विकासका सूचक हाँसिल गर्न वडाले गरेका महत्त्वपूर्ण कार्यहरू:

१. हरेक विद्यालयमा छात्र छात्राको अलग अलग शौचालय पहिचानका लागी संकेत वोर्ड जडान।
२. सेनेटरी प्याड वितरण र ईन्सिनेटर च्याम्बरको व्यवस्था ।
३. विद्यालयका प्र.अ.हरु, बि.ब्य.स. सम्पर्क शिक्षकसंग बालविकासका सूचकहरुमा विशेष छलफल ।
४. बालमैत्री सम्पर्क शिक्षकहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमूखीकरण ।

५. सामुदायिक र संस्थागत दुवै विद्यालयलाई खेलकुद सामाग्री वितरण।
६. विद्यालयमा बालमैत्री आचारसंहिता र बालअधिकार सम्बन्धी फ्ल्याक्स ब्यानर, पर्चा वितरण।
७. अतिरिक्त क्रियाकलाप सञ्चालन भए नभएको अनुगमन।
८. विद्यालयमा कुहिने र नकुहिने फोहोर वर्गीकरण सम्वन्धी अतिरिक्त कक्षा सञ्चालन, लेवल अनुसार डस्विनमा फोहोर सङ्कलन र उचित विसर्जन।
९. घरदैलो गरि विद्यालय भर्ना अभियान।
१०. लगातार विद्यालय अनुपस्थित हुने बालबालिकाको अभिभावक तथा विद्यार्थीसंग छलफल कार्यक्रम।
११. विद्यालयमा कक्षा कोठा र शौचालयमा जान र्‍याम्पको व्यवस्थापन।
१२. बा. वि. केन्द्रका विद्यार्थीको सिकाई उपलब्धी सहितको व्यक्तिगत फाइल व्यवस्थापन।
१३. सामुदायीक विद्यालयमा १ देखि ५ कक्षासम्मको बालबालिकाको लागि दिवा खाजा
१४. विद्यालय तथा समुदायमा बालअधिकार, बालमैत्री स्थानीय शासन, बालमैत्री आचार संहिता लगायत अन्य सुचनामुलक भित्ते लेखन (चित्र सहित)।
१५. विद्यालयमा नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन।

## ८. बाल विकासका सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था (०७९/८०) | हालको अवस्था २०८१/०५/३० | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ) फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ( | | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको । |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा ( १ देखी कक्षा ८ सम्म) पूरा गरेका हुनेछन। | | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभूत शिक्षा प्राप्त गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । | | १००% | १००% | ३ सामुदायिक र ३ संस्थागत गरि ६ वटा विद्यालय सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय प्याड र ईन्सिनेटर च्याम्बरको व्यवस्था भई यसको प्रयोग भएको। |
| ४ | सबै विद्यालयका पूर्वाधार ) कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ( बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयमा पूर्वाधार,कक्षाकोठा) फर्निचर, खेलमैदान, खानेपानी धारा बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुँदै गरेको। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। | | १००% | १००% | यस वडाका ६ वटै विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त क्रियाकलापमा सहभागी गराई सोको अभिलेखीकरण गरिएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था हुनेछन्। | | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरि उचित विसर्जन गर्ने गरेको। |

## ९. बाल सहभागिताका सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू

१. बालसमूह स्टेशनरी सहितको टिनको बाकस वितरण गरि नियमित बैठक सञ्चालन,
२. बालसमूह र संजालद्वारा नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन र अतिरिक्त क्रियाकलापका लागि बजेट व्यवस्थापन (वडा मार्फत),
३. वडास्तरीय बाल समूह संजाल र सबै बालसमूहहरुलाई खेलकुद सामाग्री वितरण,
४. वडा बालमैत्री समितिद्धारा बालबालिका, अभिभावक तथा समाजका अगुवा सहितको उपस्थितीमा बालसमूहको महत्व र बालमैत्री स्थानीय शासनको विषयमा सचेतना सहित २५ वटा बालसमूह र १ वडास्तरीय बाल संजाल गठन तथा परिचालन,
५. वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिती, विपद् व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति र टोल विकास समितिमा १ बालक र १ बालिकाको (आमन्त्रित) सहभागिता सूनिश्चत भएको,
६. बालबालिकाहरुलाई बालअधिकार र बालमैत्री स्थानीय शासन सम्बन्धी क्षमता विकास र बालसमूह व्यवस्थापन एवं कार्ययोजना निर्माणमा सहजीकरण,
७. वडास्तरीय बालभेला आयोजना तथा माग भई आएका योजना वार्षिक बजेटमा समावेश भई कार्यान्वयन भएको,
८. वडा र विभिन्न संघसंस्थाबाट क्षमता विकास अभिमूखीकरण कार्यक्रम,

९. विद्यालय, टोल, वडा र नगरस्तरीय विभिन्न कार्यक्रमहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता।

## १०. स्थानीय तहको शासकीय संरचनामा बालबालिकाको सहभागिताको स्थितिः

| क्र.स. | बाल सहभागिता भएको निकाय | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | बालमैत्री स्थानीय शासन वडा समिति | १ | १ | २ |
| २ | वडा बाल अधिकार समिति | १ | १ | २ |
| ३ | विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित | ६ | ६ | १२ |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित | १ | १ | २ |
| ५ | वडास्तरीय बालसमूह संजाल | ८ | १७ | २५ |
| ६ | टोल विकास संस्था | ५ | ५ | १० |
| जम्मा प्रत्यक्ष सहभागिता | | २२ | २२ | ४४ |

## ११. वडामा रहेका बालसमूहको नामावली

| क्र.स | बाल समूहको नाम | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| विद्यालयस्तरीय बाल समूह | | | | |
| १ | सगरमाथा बाल समूह | ५ | २० | २५ |
| २ | कञ्चन्जंघा बाल समूह | ६ | १९ | २५ |
| ३ | सृजनशिल बाल समूह | १३ | १२ | २५ |
| ४ | प्रगतिशिल बाल समूह | १२ | १३ | २५ |
| ५ | अन्नपुर्ण बाल समूह | ११ | १४ | २५ |
| ६ | हेटौडा एकेडेमी बाल समूह | १२ | १३ | २५ |
| टोल स्तरीय बाल समूह | | | | |
| १ | उर्जाशिल बाल समूह | ११ | १४ | २५ |
| २ | भैरव कुञ्ज बाल समूह | १४ | ११ | २५ |
| ३ | दुम्सी डाँडाँ बाल समूह | ८ | १७ | २५ |
| ४ | गोल्पिङटार बाल समूह | २० | ५ | २५ |
| ५ | सिमलटार बाल समूह | १२ | १३ | २५ |
| ६ | बागेश्वरी बाल समूह | १२ | १३ | २५ |
| ७ | सडक बाल समूह | १० | १२ | २२ |
| ८ | झोलुङ्गेपुल बाल समूह | १३ | १२ | २५ |
| ९ | सुर्योदय बाल समूह | १२ | १० | २२ |
| १० | तल्लोताल बाल समूह | १३ | १२ | २५ |
| ११ | सरस्वती बाल समूह | १६ | ९ | २५ |
| १२ | लालिगुँरास बाल समूह | १८ | ७ | २५ |
| १३ | गणेशस्थान बाल समूह | १५ | १० | २५ |

| | | | | |
|---|---|---|---|---|
| १४ | शहिद स्मारक बेलचौर बाल समूह | १४ | ११ | २५ |
| १५ | शान्तिचोक बाल समूह | २१ | ४ | २५ |
| १६ | सागरपथ बाल समूह | ५ | २० | २५ |
| १७ | सुरक्षा बाल समूह | १२ | १३ | २५ |
| १८ | कृष्ण मन्दिर बाल समूह | १६ | ९ | २५ |
| १९ | सिद्धार्थ बाल समूह | ८ | १७ | २५ |
| २० | वडा स्तरीय बाल समूह संजाल | ८ | १७ | २५ |

## १२. वडास्तरीय बाल समूह सञ्जालका पदाधिकारीको नामवली

| क्र.स. | पद | नाम | प्रतिनिधित्व गर्ने बाल समूह |
|---|---|---|---|
| १ | अध्यक्ष | आँचल सुवेदी, | हेटौंडा एकेडेमी बाल समूह |
| २ | उपाध्यक्ष | सृष्टी उप्रेती, | सूर्योदय बाल समूह |
| ३ | सचिव | सामना सापकोटा, | कृष्ण बाल समूह |
| ४ | सह-सचिव | विपिसा वि.क., | सिमलटार बाल समूह |
| ५ | कोषाध्यक्ष | अजेश अधिकारी, | लालिगुँरास बाल समूह |
| ६ | सदस्य | प्रशंसा लामिछाने, | उर्जाशील बाल समूह |
| ७ | सदस्य | आकृती भट्टराई, | भैरवकुञ्ज बाल समूह |
| ८ | सदस्य | अप्सन मगर, | दुम्सिडाँडा बाल समूह |
| ९ | सदस्य | अभिषेक हुमागाई, | गोल्फिङटार बाल समूह |
| १० | सदस्य | दिपिका श्रेष्ठ, | बागथली बाल समूह |
| ११ | सदस्य | गृष्मा पुडासैनी, | पुल्चोक बाल समूह |
| १२ | सदस्य | सलवी बर्तौला, | तल्लोताल बाल समूह |
| १३ | सदस्य | श्रेया विडारी, | गणेशथान बाल समूह |
| १४ | सदस्य | सुमन तमाङ, | शहिदस्मारक बाल समूह |
| १५ | सदस्य | लक्ष्मण घिमिरे, | सुरक्षा बाल समूह |
| १६ | सदस्य | कृष्ण ढकाल, | सिद्धार्थ बाल समूह |
| १७ | सदस्य | अनुप कार्की, | प्रगतीशील बाल समूह |
| १८ | सदस्य | सृष्टी गहतराज, | श्रीजनशील बाल समूह |
| १९ | सदस्य | रमिला प्रजा, | आनन्द भैरव बाल समूह |
| २० | सदस्य | जेनिशा बर्तौला, | पुल्चोक बाल समूह |
| २१ | सदस्य | पुजा थापा, | पुल्चोक बाल समूह |
| २२ | सदस्य | रितु बस्नेत, | सडक बाल समूह |
| २३ | सदस्य | विनिता दंगाल, | सरस्वती बाल समूह |
| २४ | सदस्य | विपिन ढकाल, | शान्तिचोक बाल समूह |

| | | | |
|---|---|---|---|
| २५ | सदस्य | सक्षम गुरुङ, | सागरपथ बाल समूह |

## १३. वडा समिति, बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समितिमा भएका पदाधिकारीहरूको नामावली:

***वडा समिति***

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १ | जुना दाहाल | वडा अध्यक्ष |
| २ | संजय विडारी | वडा सदस्य एवंम बालमैत्री सम्पर्क व्यक्ति |
| ३ | गोपिनी सापकोटा | वडा सदस्य |
| ४ | गिता सुनार | वडा सदस्य |
| ५ | विकास नेपाल | वडा सदस्य |
| ६ | सुनिता पौडेल | वडा सचिब |

***बालमैत्री स्थानीय शासन वडा समिति***

| **क्र.स.** | **नाम थर** | **पद** | **प्रतिनिधित्व गरेको संस्था** |
|---|---|---|---|
| १ | जुना दाहाल | संयोजक | वडा अध्यक्ष |
| २ | संजय विडारी | सदस्य | वडा सदस्य एवंम बालमैत्री सम्पर्क व्यक्ति |
| ३ | गोपिनि सापकोटा | सदस्य | वडा सदस्य |
| ४ | गिता सुनार | सदस्य | वडा सदस्य |
| ५ | विकास नेपाल | सदस्य | वडा सदस्य |
| ६ | मिना कुमारी | सदस्य | स्वास्थ्य संस्था प्रमुख |
| ७ | यज्ञ आचार्य | सदस्य | टो.वि.स. समितिका अध्यक्ष |
| ८ | गिता ढकाल | सदस्य | प्रगति टो.वि.स.अध्यक्ष |
| ९ | सुर्य बहादुर खुलाल | सदस्य | शंकरज्योति आ.वि.वि.व्या.स. अध्यक्ष |
| १० | विजया अधिकारी | सदस्य | महिला स्वा.स्व.से. |
| ११ | शर्मिला अधिकारी | सदस्य | मेलमिलाप संयोजक |
| १२ | विष्णु प्रसाद लोहमी | सदस्य | अस्थाई प्रहरी पोष्ट |
| १३ | विपिन ढकाल | सदस्य | बा.सं.स. बालक |
| १४ | शायना सापकोटा | सदस्य | बा.सं.स. बालिका |
| १५ | सुनिता पौडेल | सदस्य सचिव | वडा सचिव |

***वडा बालअधिकार समिति***

| **क्र.स.** | **नाम थर** | **पद** | **प्रतिनिधित्व गरेको संस्था** |
|---|---|---|---|
| १ | जुना दाहाल | संयोजक | वडा अध्यक्ष |
| २ | गोपिनि सापकोटा | सदस्य | वडा सदस्य |
| ३ | मुकुन्द न्यौपाने | सदस्य | प्र.अ. |

| | | | |
|---|---|---|---|
| ४ | जमुना राई | सदस्य | बालबालिकाको क्षेत्रमा काम गर्ने |
| ५ | विमला थापा | सदस्य | |
| ६ | विष्णु प्रसाद लोहनी | सदस्य | अस्थाई प्रहरी पोष्ट |
| ७ | धन कुमार विडारी | सदस्य | टो.वि.स.अध्यक्ष |
| ८ | मिना कुमारी | सदस्य | स्वास्थ्य संस्था प्रमुख |
| ९ | अजेस अधिकारी | सदस्य | बा.सं.स. बालक |
| १० | प्रशंसा लामिछाने | सदस्य | बा.सं.स. बालिका |
| ११ | सुनिता पौडेल | सदस्य सचिव | वडा सचिव |

## १४. बाल सहभागिताका सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित बाल सहभागिता सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | आधार वर्षको अवस्था ०७९) (८०/ | हालको अवस्था २०८१ /०५/ ३० | घोषणा को लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछफरक ) क्षमता भएका बालबालिकाको हकमा ( विशेष व्यवस्था गर्नुपर्ने | | १००% | ९५% | मिति २०८० वैशाख ९ गते गठन भएको वडास्तरीय बालसंजालको बैठक र अतिरिक्त कृयाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | ५ देखि १४ वर्ष उमेर समुहका सतप्रतिशत बालबालिकाले आधारभुत शिक्षा (१ देखि कक्षा ८ सम्म )पुरा गरेका हुनेछन् । | | १००% | ९५% | टोलस्तरीय १९ र विद्यालयस्तरीय ६ वटा गरी २५ बाल समूहको बैठक र अतिरिक्त क्रियाकलाप नियमित, सबै बाल समूह वडामा सुचिकृत। |
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ | | १००% | १००% | पाँच कक्षाभन्दा माथि अध्ययन हुने ६ वटा विद्यालयका ब्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/संजालको प्रतिनिधित्व रहनेछ। | | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना / | | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | | | अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको। |
| ६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | | १००% | १००% | मिति २०८०/०२/१६ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरिएको , पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## १५. संस्थागत सूचकमा भएका महत्त्वपूर्ण कार्यहरू:

१. वडामा बालमैत्री स्थानीय शासन वडा समिति र वडा बालअधिकार समिति गठन भई क्रियाशील रहेका,

२. वडामा बालमैत्री शाखा स्थापना भई एक जनप्रतिनिधीलाई बालमैत्री सम्पर्क व्यक्तिको जिम्मेवारी दिईएको र बालमैत्री वडा सहजकर्ता परिचालन,

३. बालमैत्री आचारसंहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा रहेको,

४. वडामा रहेको बालउद्यान भित्र बालमैत्री सिकाई स्रोतकेन्द्र निर्माणाधिन अवस्थामा रहेको,

५. बाल वस्तुगत विवरण र सेवा प्रदायकको तथ्याङ्क विश्लेषणको आधारमा बालबालिकाको लागि पञ्चवर्षिय लगानी योजना तर्जुमा गरी कार्यान्वन भईरहेको,

६. बालभेलाबाट माग भई आएका योजनाको आधारमा स्थानीय तहको विकास योजना तर्जुमा र कार्यान्वयन,

७. बालबालिका सम्बन्धी स्थिती प्रतिवेदन तयारी,

८. प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि तथा विद्यालय बस सञ्चालन निर्देशिका प्रकाशन, वितरण एवं कार्यान्वयन भएको,

९. बालमैत्री, वातावरण मैत्री र विपत ब्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सत्र सञ्चालन भईरहेको,

१०. स्थानीय प्रहरी कार्यालयमा बालमैत्री सम्पर्क शाखा स्थापना गरी सञ्चालनमा रहेको र बालमैत्री सम्पर्क व्यक्ति तोकिएको,

११. वडा कार्यालय सङ्गै रहेको स्वास्थ्य संस्थामा स्तनपान कक्षको ब्यवस्थापन भएको,

१२. बाल संरक्षण प्रणाली अन्तरगत नगरस्तरीय बालकोषको व्यवस्थापन गरिएको,

१३. विपन्न छात्र छात्रालाई छात्रवृत्ती सहयोग,

१४. विद्यालय तथा सार्वजनिक भवनमा बालमैत्री, अपाङ्गमैत्री संरचना,

१५. विपद् व्यवस्थापन समिति मार्फत विपद्को समयमा बालबालिका केन्द्रित बजेट विनियोजन र संस्थागत व्यवस्थापन।

## १६. संस्थागत सूचकहरूको विद्यमान अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लिखित संस्थागत विकास सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छः

| क्र स | सूचक | आधार वर्षको अवस्था ०७९) (८०/ | हालको अवस्था (२०८ १/०५ /३० | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|---|
| १ | वडा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन् । | | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सक्रिय। |
| २ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १००% | १००% | निम्न नीतिकार्यविधि र निर्देशिका , :कार्यान्वयनमा ल्याईएको<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति२०७९ , बालमैत्री आचारसंहिता समावेश ) (गरिएको<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन२०७७ ,<br>• बाल समूह संजाल गठन तथा सहजिकरण निर्देशिका२०७६,<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि , २०७९<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि२०७७ ,<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि , २०८०<br>• विद्यालय बस सञ्चालन निर्देशिका , २०८० |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | | १००% | ८०% | • यस वडामा रहेको शहिद स्मारक पार्कमा बाल उद्यान निर्माण गरि सिकाई स्रोत केन्द्र स्थापना हुदैं गरेको<br>• नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत केन्द्र स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन | | १००% | १००% | बाल वस्तुगत विवरण तयार भए पश्चात २०८०/१०/२७ मा पञ्चवर्षिय लगानी योजना निर्माण गरि नगर कार्यपालिकाबाट स्विकृत भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | भएको हुनेछ। | | | | |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछन्। | | १००% | १००% | मिति २०८०।८/०२/ १६ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना वडाको वार्षिक बजेटमा समाबेश गरि कार्यान्वयन भएको। |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | | १००% | १००% | वडा नं. ११ को अन्तिम स्थिति पत्र २०८१ जारी भएको । । |
| ७ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानिय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | | १००% | १००% | यस वडाका ६ वटै बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि २०८० अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | | १००% | १००% | सबै विद्यालयले अतिरिक्त क्रियाकलाप अन्तर्गत बालमैत्री वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन सञ्चालन गरिएको छ । |
| ९ | आधारभूत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा व्यवसायिक तथा सीपमुलक ) प्राप्त गरेका हुनेछन् ( तालिम । | | १००% | १००% | यस वडामा आधारभूत विद्यालय शिक्षावाट वंन्चित भएका बालबालिकाहरु नरहेका र बालसमूहमा आवद्ध बालबालिकालाई नियमित रुपमा व्यावहारिक ज्ञानबोली , पारिवारिक संस्कार ,व्यवहार बारे जीवन उपयोगी शिक्षा दिने गरिएको । |
| १० | स्थानीय तहमा रहेका प्रहरी चौकीहरुमा (कार्यालय) बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ । | | १००% | १००% | स्थानीय ईलाका प्रहरी कार्यालय ,हेटौडा ११ मा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| १ | विद्यार्थी सवार हुने शैक्षिक | | १००% | १००% | यस वडाका ४ वटा विद्यालयले सवारी |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | | | साधन सञ्चालन गरिरहेकोमा स्कुल बस नगरको विद्यालय बस सञ्चालन निर्देशिका२०८०को मापदण्ड अनुरुप , सञ्चालन हुँदै गरेको । |
| १२ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ | | १००% | १००% | वडा कार्यालय सङ्गैको स्वास्थ्य संस्थामा स्तनपान कक्षको व्यवस्था भएको। |
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १००% | १००% | यस वडामा रहेको सार्बजनिक स्थानमा खानेपानी धारा र शौचालय बालमैत्री रहेको। |
| १४ | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १००% | १००% | बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | १००% | १००% | विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

**३. बालमैत्री स्थानीय शासन कार्यान्वयनका चरण तथा तहगत खुड्किला प्राप्ति सम्वन्धी विवरणः**

**क) पूर्व तयारीको चरण :**

| क्र स | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | कार्यपालिकाबाट नपालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गर्ने। | √ | | मिति २०७९/०५/२४ गतेको नगर कार्यपालिकाको निर्णयको प्रतिलिपि। |

| | | | | |
|---|---|---|---|---|
| २ | बालमैत्री स्थानीय शासनको अवधारणा सम्बन्धी नगर समितिका पदाधिकारी र अन्य सरोकारवालाहरूलाई अभिमूखिकरण गर्ने। | √ | | • मिति २०७९ मंसिर २१ गते सम्पन्न भएको अभिमूखीकरण कार्यक्रमको उपस्थिति, प्रतिवद्धता पत्र तथा तस्वीरहरू,<br>• यस वडामा २०७९ मंसिर देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरेको माइन्यूटको प्रतिलिपी,<br>• २०८० श्रावण देखि विभिन्न मितिमा टोलस्तरीय अभिमूखिकरण कार्यक्रम सञ्चालनको प्रतिलिपि। |
| ३ | कार्यपालिका र बालमैत्री स्थानीय शासन नगरस्तरीय समितिबाट लिखित प्रतिवद्धता गर्ने। | √ | | वडास्तरीय सरोकारवालाहरूलाई अभिमूखीकरणको दिन गरिएको सामुहिक प्रतिवद्धता फ्लेक्सको फोटो। |
| ४ | बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने। | √ | | • २०७९ फाल्गुन देखि जेष्ठ सम्ममा घरधूरी सर्वेक्षण,<br>• घरधूरी सर्वेक्षणको आधारमा बाल वस्तुगत विवरण तयार र २०८० पौष २४ मा बाल बस्तुगत विवरण छलफल र बाल वस्तुगत विवरणको १ थान किताव। |
| ५ | बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने। | √ | | मिति २०८० मंसिर १४ गतेका दिन बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलिकरण कार्यशाला सञ्चालन प्रतिलिपी/फोटो |
| ६ | बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीय नीति/रणनीति/कार्यविधि निर्देशिका र आचारसंहिता तयार गर्ने | √ | | •हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन, २०७७,<br>•हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति, २०७९ (बालमैत्री आचारसंहिता समावेश गरिएको),<br>•बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७६,<br>•बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९,<br>•बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि, २०७७,<br>•प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०,<br>•विद्यालय बस सञ्चालन निर्देशिका, २०८० |

ख) तयारीको चरण:

| क्र. स. | विवरण | पूरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रबन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने। | √ | | मिति २०७९/०८/२१ को निर्णय अनुसार वडा सदस्य संजय विडारीलाई बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र निजको कार्यकक्षमा बालमैत्री सम्पर्क शाखा रहने तोकिए बमोजिम व्यवस्थापन रहेको कागजात प्रमाण |
| २ | बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने वडाहरू छनोट गर्ने। | √ | | मिति २०७९/०५/०५ मा नगर कार्यपालिकाद्वारा सम्पुर्ण वडा सहित नगरलाई बालमैत्री स्थानीय शासनयुक्त वडा बनाउने निर्णयको प्रतिलिपि। |
| ३ | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने। | √ | | बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकाय संग बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अन्तरकृया गरि प्रतिवद्धतामा हस्ताक्षर गरेको प्रतिलिपि र फोटो। |
| ४ | बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि लगानी योजना तयार गर्ने। | √ | | २०८० माघ २७ गते पञ्चवर्षिय लगानी योजना तयार गरि प्रकाशन गरिएको १ थान किताव। |
| ५ | बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने । | √ | | बालकोष स्थापना र सञ्चालन कार्यविधि, २०७९ (राजपत्र)मा प्रकाशित । |
| ६ | बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल समूह, बाल सञ्जाल टोल विकास संस्था। समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने। | √ | | विद्यालयस्तरीय ६, टोलस्तरीय १९ र १ वटा वडा बाल संजाल गठन भई क्रियाशिल रहेको माइन्युटको प्रतिलिपी। |

ग) नीति योजना तर्जुमा तथा कार्यान्वयनको चरण:

| क्र. | विवरण | पूरा | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|

| स. | | भएको | | |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने। | √ | | • नगर कार्यान्वयन सहजिककरण समिति गठन एवं परिचालन बैठक आदिको प्रतिलिपी<br>• लगानी योजना अन्तर्गतका नतिजामुखी कार्ययोजना तयार र कार्यान्वयनको प्रतिलिपी। |
| २ | छनोट भएका क्रियाकलापहरूका लागि आवश्यक बजेट विनियोजन गर्ने। | √ | | नगर सभाद्वारा गरिएको निर्णय र वार्षिक बजेट, नीति तथा कार्यक्रम (रातो किताब) । |
| ३ | साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने। | √ | | • सबै साझेदार र सरोकारवालालाई साझेदारी समन्वय र कार्यान्वयन गराउनका लागि नगरस्तरीय गठित कार्यन्वयन सहजिकरण समितिको अभिलेख,<br>• सरोकारवालाको समन्वय संजाल निर्माण बाँकी। |
| ४ | स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | √ | | मिति २०७९/०८/२१ मा बालमैत्री स्थानीय शासन वडा समितिद्वारा स्विकृत गरिएको वडास्तरीय बालमैत्री स्थानीय शासन अवलम्वन तथा कार्यान्वयनका लागि कार्ययोजना । |
| ५ | बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने। | √ | | विषयगत शाखाहरूले नगरलाई लेखिदिएको प्रतिवद्धता पत्रहरू। |

**घ) अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरण :**

| क्र.स | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १ | वडा समिति, नगरस्तरीय समितिबाट सूचक सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा, अनुगमन र समिक्षा गरी प्रतिवेदन तयार गर्ने। | √ | | स्थलगत अनुगमन गरेको चेकलिष्टहरू, अन्तिम सूचक मापन र वडाको अन्तिम प्रतिवेदन। |
| २ | बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र | √ | | बालमैत्री स्थानीय शासनको अन्तिम स्थीतीपत्र , २०८१ तथा सार्वजनिक सुनुवाई कार्यक्रमको |

| | | | | |
|---|---|---|---|---|
| | सार्वजनिकीकरण गर्ने। | | | उपस्थिति। |
| ३ | बालमैत्री स्थानीय शासनको घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने। | √ | | जिल्ला समन्वय समितिको वडा घोषणाको सिफारिस पत्र । |
| ४ | वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने। | √ | | विषयगत शाखाद्वारा आ-आफ्नो क्षेत्रगत सूचक प्रमाणित गरी वडामा पेश गरेको प्रतिलिपि। |
| ५ | बालमैत्री वडा घोषणाका लागि तोकिएको निकायबाट अनुमती प्रदान गर्ने। | √ | | वडा घोषणका लागि नगर कार्यपालिकाको स्वीकृति बैठकको निर्णय र वडालाई दिएको अनुमति पत्र। |

**ङ) बालमैत्री वडा घोषणा र दिगोपनाको चरण:**

| क्र.स | विवरण | पुरा भएको | | कार्यसम्पन्न मिति र सम्वन्धित विवरण |
|---|---|---|---|---|
| | | **छ** | **छैन** | |
| १ | बालमैत्री वडा घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने। | √ | | घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षीय रणनीतिक योजना छापिएको किताव। |
| २ | बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र नगरपालिका/ घोषणा गर्न सम्बन्धित गाउँ नगर सभाको निर्णय। | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागि आवश्यक कागजात प्रतिवेदन नगर कार्यपालिकामा पेश गरि नगर कार्यपालिकाको बैठकको निर्णय पश्चात सो निर्णयको प्रतिलिपी समावेश गरिनेछ। |
| ३ | बालमैत्री वडा घोषणा। | √ | | बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेपछि अभिलेख प्रतिवद्धता समावेश गरिनेछ। |
| ४ | बालमैत्री वडा घोषणापश्चातको रणनीतिक योजना कार्यान्वयन। | √ | | पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका लागि वडासमितिले प्रतिवद्धता सहित गरेको निर्णयको प्रतिलिपि। |
| ५ | वार्षिक रूपमा प्रतिवेदन तयारी र प्रकाशन गर्ने। | √ | | वडाको अन्तिम प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| ६ | बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता। | √ | | • वडामा एक जना बालमैत्री सहजकर्ता, एकजना सम्पर्क व्यक्ति तोकिएको र वडा सदस्यहरुलाई टोल विभाजन जिम्मेवारी बाँडिएको,<br>• वडा बालमैत्री स्थानीय शासन समिति, वडा बालअधिकार समिति, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, बालसमूह र सञ्जाल तथा वडा समितिले बालमैत्री स्थानीय शासन दिगोपनाका लागि प्रतिवद्धता गरेको निर्णयको प्रतिलिपी। |

## ४. बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्थाः

<u>बालबालिकाको लागि स्थानीय लगानी योजनाः</u>

११ न. वडाले २०७९ सालदेखि नै बालमैत्री स्थानीय शासनको कार्ययोजना तयार गरि स्थानीय विकास योजना (नीति तथा कार्यक्रम)मा समावेस गर्दै आएको छ । वडाका जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, टोल विकास संस्थाका पदाधिकारी, बाल सञ्जालका बालबालिका, स्वयंसेविका, सुरक्षाकर्मी, सामुदायिक संघसंस्थाहरु लगायत वडाका सम्पूर्ण सरकोकारवालाको संलग्नतामा स्थानीय लगानी योजना तयार हुनुका साथै यसको कार्यान्वयनको अवस्था पनि राम्रो छ । यस वडाका अधिकतम योजनाहरु कार्यान्वयन हुने गरेका छन् ।

बालबालिकाको क्षेत्रमा यस वडाले बजेट विनियोजन गरी बालबालिकाद्धारा माग र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा निर्देशित कार्यक्षेत्रमा लगानी गरेको छ ।साथै वडाको हरेक वार्षिक र आवधिक योजनाहरुमा बालबालिकाको अर्थपूर्ण सहभागिता मार्फत नै योजनाहरु माग भइ कार्यान्वयनको चरणमा जाने समेत आवधिक लगानी योजना (पञ्चवर्षिय) मार्फत सुनिश्चित गरिएको छ। वार्षिक रुपमा बाल भेला गराई सो भेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजनालाई वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयनमा समेत ल्याईएको हुनाले योजना निर्माणमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ।

यस वडाको **आ.व.२०८०/८१** अनुसार बालमैत्री स्थानीय शासनको क्षेत्रमा समावेश भएका योजनाहरु यस प्रकार रहेका छन्ः

| क्र.स. | कार्यक्रम/क्षेत्र/योजना | बजेट |
|---|---|---|
| १ | बालमैत्री विविध कार्यक्रम | ५,००,०००/- |

| | | |
|---|---|---|
| २ | शिक्षा कार्यक्रम | १२,००,०००/- |
| ३ | सिमलटार खेलकुद चौर निर्माण | १०,००,०००/- |
| **जम्मा** | | २७,००,०००/- |

## वडाबाट विनियोजित रकमबाट भएका कृयाकलापहरु र अन्य आर्थिक स्रोत साधनबाट सम्पन्न कृयाकलापहरुः

| क.स. | सम्पन्न कृयाकलाप | रकम | बजेट बेहोर्ने निकाय |
|---|---|---|---|
| १ | हाजिरिजवाफ (२ पटक) | ३०,०००/- | टोल विकास समन्वय समिति |
| २ | वक्तृत्वकला (३ पटक) | ४४,०००/- | वडा कार्यालय |
| ३ | प्रारम्भिक सूचक मापन तथा लगानी योजना निर्माण कार्यशाला | १८,०००/- | वडा कार्यालय |
| ४ | सचेतनामुलक फ्लेक्स | २८,५००/- | वडा कार्यालय |
| ५ | शैक्षिक सामाग्री तथा खेलकुद सामाग्री वितरण | ३०,०००/- | वडा कार्यालय |
| ६ | भलिबल र ब्याडमिन्टन खरिद | ६०,०००/- | वडा कार्यालय |
| ७ | खेलकुद सामाग्री वितरण | १,००,०००/- | वडा कार्यालय |
| ८ | अभिभावक र बालबालिकालाई मनोपरामर्श कार्यक्रम | २५,०००/- | नगरपालिका |
| ९ | बाल भेला | ७,०००/- | वडा कार्यालय |
| **जम्मा** | | ३,४२,५००/- | |

## धन्यबाद!!!